# Press Statement 1

**वर्तमान नेपालको राजनैतिक परिप्रेक्षमा**
**नेपाल अष्ट्रेलिया प्रजातान्त्रिक मञ्च ( NADF ) को विज्ञप्ति**

विगत केही बर्ष यता विकसित हुदै गइरहको नेपालको अस्थिर र अन्यौल राजनैतिक परिवेशलाई नियालेर हेर्दा हामी अष्ट्रेलियामा रहेका प्रजातन्त्रप्रेमी नेपाली हरुको तर्फवाट हाम्रो संस्था **नेपाल अष्ट्रेलिया प्रजातन्त्रिक मञ्च** ( **NADF** )गहिरो खेद व्यक्त गर्दछ । २०४६ सालको जनआन्दोलनको उपलब्धि पश्चात् जनतामा उर्लेर आएको परिवर्तनको महत्वाकांक्षा आजसम्म कुनै पनि सरकारले अपेक्षित रुपमा पुरा गर्न नसकेको देखि लिएर माओवादी आन्दोलन साथै गत असोज १८ गतेको श्री ५ ज्ञानेन्द्रवाट चालीवक्सेको कदम सवै वर्तमान परिस्थिति निम्त्याउनमा प्रत्यक्ष वा परोक्ष रुपमा जिम्मेवार छन् ।
प्रजातन्त्रको पनर्वाहाली पश्चात यसलाइनै एउटा सर्वमान्य राजनैतिक प्रणलीको रुपमा अंगीकार गरी सवै मिलेर देश विकाशको महान कार्यमा एकजुट भएर अघि बढ्नुको सट्टा संसदीय प्रणाली लाइनै कमजोर पार्ने, रमिता हेर्ने र कमजोरीको फाइदा उठाइ आफ्नो महत्वाकांक्षा परा गर्ने जाल भेल विभिन्न शक्तिहरुवाट भइनै रहे विगतको दशकमा । वहूदलिय प्रजातन्त्र र संवैधानिक राजतन्त्र नेपालको परिप्रेक्षमा सर्वोत्कृष्ट शासन प्रणली हो भन्ने करामा कसैको दूइमत छैन तर यसको अधिकतम उपयोगकोलागी सवै क्षेत्रवाट रचनात्मक सहयोगको आवश्यकता हुन्छ तर हाम्रो देशमा, प्रजातन्त्र, शान्ति खल्त्रल्याउने र विकाश अल्मल्याउने काममा दुरुपयोग भयो । यसै सन्दर्भमा गत असोज १८ गतेको श्री ५ ज्ञानेन्द्रवाट चालीवक्सेको कदम संवैधानिक वा असवैधानिक भन्ने कुरा त संवन्धित निकायलेनै निर्णय गर्ला तर त्यो अव्यवहारिक र अनावश्यक थियो भन्ने हाम्रो ठहर छ । संसदीय प्रजातन्त्रिक व्यवस्थाको मर्म र भावनालाइ नकुल्चेर पनि "असक्षम" को उपचार गर्न सकिने प्रसस्तै संवैधानिक उपायहरु थिए । परिणाम स्वरुप आज सिंगो देश राजा र प्रमुख पार्टी बिचको प्रत्यक्ष भिडन्तको चपेटामा परेको छ ।
गत असोज १८ गतेको शाही कदम पश्चात् सयौं शहिदहरुको वलिदान स्वरुप प्राप्त प्रजातन्त्र र जनतामा निहित सार्वभौमसत्ताको कदर गरी अगाडी बढ्न देशका विभिन्न राजनैतिक पार्टी, वर्ग र समुदायहरुवाट श्री ५ मा सूझाव दिंदै आएता पनि त्यसलाइ व्यवास्ता गरीएकोले आज देशका प्रमख राजनैतिक पार्टीहरु संयूक्त आन्दोलनको घोषणा गरी सडकमा उत्रेका छन् ।
व्यक्ति विशेषको गल्ती वा कमजोरीलाइ सच्याउने वा कारवाही गर्ने प्रसस्तै काननी प्रावधान हूंदाहूंदै केही "असक्षम" लाई करवाही गर्ने वा पाखा लगाउने वहानामा वहुदलीय प्रजातन्त्रिक व्यवस्थाको घांटी निमोठ्ने प्रष्ट संकेत देखापर्यो त्यसमा **नेपाल अष्ट्रेलिया प्रजातन्त्रिक मञ्च** ( **NADF** )को पर्ण असहमती छ साथै उक्त शाही कदम सच्याउन गत वैशाख २१ गते देशका ५ प्रमुख राजनैतिक पार्टी हरु द्वारा घोषणा गरिएको संयुक्त आन्दोलन प्रति हाम्रो पुर्ण समर्थन छ ।
स्थिति अझै भयावह हुन नापाउदै वेलैमा संयम अपनाइ वार्ताको माध्याम वाटै समस्या समाधन गरेमा नै देश, जनता, राजनैतिक पार्टी र राजतन्त्र सवैको हित हुने कुरामा हामी आशावादी मात्र नभइ विश्वस्त छौं

**नेपाल अष्ट्रेलिया प्रजातन्त्रिक मञ्च (NADF)**
सिड्नी

०१ । ०६ । २००३